# तामाकोशी गाउँपालिका
# Tamakoshi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No. :- २०८१-०८२
चलानी नं./Dispatch No. :-

तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जफे, दोलखा बागमती प्रदेश, नेपाल २०७३

मिति/Date: २०८१-१०-२१

**विषय/Subject :- खानेपानी मुहान/भूमिगत जलस्रोत दर्ता तथा जल उपभोक्ता संस्थाहरु दर्ता/ नवीकरण गर्ने बारेको अत्यन्त जरुरी सूचना ।**

<u>सूचना प्रकाशित मितिः २०८१-१०-२१</u>

तामाकोशी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी नियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम तामाकोशी गाउँपालिकालाई कार्यक्षत्र बनाई आधिकारिक निकायबाट स्वीकृत लिई वा नलिई सञ्चालनमा रहेका जल उपभोक्ता संस्थाहरुलाई यस गाउँपालिकाको जलस्रोत उपयोग नियमावली, २०७९ बमोजिम दर्ता हुन तथा यस अघि प्रचिलित व्यवस्था अनुसार जुनसुकै निकायबाट आधिकारिक दर्ता भई सञ्चालनमा रहेका जलस्रोत उपभोक्ता समितिहरुलाई नविकरणका लागि यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र तपसिलमा तोकिएका कागजात सहित निवेदन दर्ता गर्नु गराउनुहुन सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि गाउँ जलस्रोत समितिको निर्णय बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

<u>निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१. खानेपानी स्रोत दर्ता वा जल उपभोक्ता समिति दर्ता सम्बन्धि निवेदन
२. तामाकोशी गाउँपालिकाको जलस्रोत उपयोग नियमावली, २०७९ को नियम ४ सँग सम्बन्धित अनुसूची १ बमोजिमको निवेदन
३. जलस्रोत उपयोग नियमावली, २०७९ ले तोकिएबमोजिम उपभोक्ता समितिको प्रमाणित विधान २ प्रति
४. जलस्रोत उपभोक्ता समितिको कार्यसमितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको स्वःप्रमाणित प्रतिलिपि
५. उपभोक्ता समिति गठनका बखत भएको भेलाका रंगिन तस्विरहरु
६. उभोक्ता समिति गठन भेलाको उपस्थिति सहित निर्णय प्रतिलिपि
**७. मुहान क्षेत्र व्यक्तिगत जग्गामा भएको अवस्थामाः**
   क. जग्गाधनी पूर्जाको उल्लेखित कित्ता देखिने प्रतिलिपि
   ख. जग्गाधनिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
   ग. उल्लेखित कित्ता नम्बर किटान गरी जग्गा धनिले मूहान प्रयोगका लागि दिएको मन्जुरीनामा।

बिजय प्रसाद तिरेशरा (?)
प्रमुख प्रशासकीय अधिकृत

८. **मुहान क्षेत्र सार्वजनिक/वन क्षेत्रमा भएको अवस्थामाः**

क. वन क्षेत्रको जग्गा भएमा डिभिजन/इलाका वन कार्यालयले गरेको मुहान प्रयोग अनुमति सिफारिस वा सम्बन्धित वन उपभोक्ता समितिले गरेको निर्णय र वन उपभोक्ता समितिको आधिकारिक लेटरहेडमा गरेको सिफारिस।

ख. सार्वजनिक जग्गा वा नापि नभएको जग्गामा मुहान रहेको अवस्थामा सम्बन्धित वडा कार्यालयले गरेको सिफारिस,

ग. मुहान क्षेत्र देखिने जग्गाको प्रमाणित नक्सा,

९. मुहान क्षेत्रको रंगिन तस्वीरहरु

१०. उपभोक्ता समितिका पदाधिकारीहरुको नाम, पद, नागरिकता प्रमाणपत्र नम्बर र सम्पर्क नम्बर सहित संलग्न गरी सिफारिस गरिएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

११. सम्बन्धित अन्य कागजात

१२. नविकरणका लागि आवेदन दिने मुहान/जलस्रोत उपभोक्ता समितिले हालसम्मको आर्थिक लेखाजोखा देखिने गरि आय/व्यय प्रतिवेदन र तामाकोशी गाउँपालिकाको जलस्रोत उपयोग नियमावली, २०७९ को नियम ४ सँग सम्बन्धित अनुसूची १ बमोजिमको निवेदन

..............................

**विमल प्रसाद निरौला**

प्रमुख प्रशासकीय अधिकृत